कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३
च.नं.:

## नगर प्रहरी करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना ।

(सूचना प्रकाशन मिति २०८२/०७/१७)

यस नगरपालिकाको लागि निम्न बमोजिमको पदमा कोहलपुर नगरपालिकाको नगर प्रहरी ऐन, २०७७ बमोजिम खुल्ला तथा समावेशी प्रतियोगिताको माध्यमबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५(पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र. सं. | वि.नं. | पद | खुल्ला | महिला | आदीवासी जनजाती एवं मधेसी | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २-२०८२/०८३ | नगर प्रहरी जवान | ३ | १ | १ | ५ |
| २ | ३-२०८२/०८३ | नगर प्रहरी परिचर | १ | - | - | १ |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः-
नगर प्रहरी जवानः एस.ई.ई. वा सो सरहको शैक्षिक उपाधि प्राप्त गरेको र १८ वर्ष पुरा भई दरखास्त पेश गर्ने अन्तिम मितिसम्म २३ वर्ष ननाघेको । उल्लेखित पदका उम्मेद्वारहरु स्थानीय बासिन्दा, Basic Computer ज्ञान, सवारी चालक अनुमति पत्र, प्लम्बर तथा इलेक्ट्रिसियन सम्बन्धी ज्ञान भएकालाई अन्तरवार्तामा विशेष प्राथमिकता दिइनेछ।
नगर प्रहरी परिचरः कक्षा ८ उत्तीर्ण, १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको ।

२. दरखास्त दिने अन्तिम मितिः २०८२/०८/०१ गते कार्यालय समयभित्र, सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

३. आवेदनको दस्तुरः नगर प्रहरी जवानको लागी रु.३००।– र नगर प्रहरी परिचरको लागि रु.२००।- नगरपालिकाको राजस्व शाखामा बुझाएको सक्कल भौचंर रसिद पेश गर्नुपर्नेछ । एक भन्दा बढी समूह र पदमा दरखास्त दिंदा थप २५% दस्तुर लाग्नेछ ।

४. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरुः (क) नेपाली नागरिकताको प्रतिलिपी (ख) सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, (ग) २ प्रति पासपोर्ट साइजको फोटो, (घ) समावेशी तर्फ आवेदन दिंदा सो खुल्ने कागजात, (ङ) प्रारम्भिक स्वास्थ्य परीक्षण प्रतिवेदन(निरोगिता प्रमाणपत्र) (च) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको प्रहरी प्रतिवेदन।

५. छनौटको किसिमः- शारीरिक तन्दुरुस्ती, लिखित र अन्तरवार्ता (नेपाल प्रहरीको भर्ना छनौट विधि अनुसार मिल्दा तत् पदको लागि पाठ्यक्रम लागु गरिने)। नगर प्रहरी परिचर पदको लागि शारीरिक तन्दुरुस्ती र अन्तरवार्ता।

६. सेवा सुविधा तथा अन्यः- नेपाल सरकारका बहालवाला प्रहरी कर्मचारीलाई उपलब्ध हुने शुरु तलब स्केल एवं कार्यपालिकाको निर्णय बमोजिम अन्य सुविधा उपलब्ध गराउने

..........................
(मान बहादुर गिरी)
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

info@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun